# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ५** **भागः २** **संख्याः४**

**प्रमाणीकरण मितिः२०८२/१२/२६**

## कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धीको कार्यविधि २०८२

मानेभन्ज्याङ गाउँपालिका कृषि तथा पशुपालन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको र पालिकामा अधिकांश मानिसहरुको मूख्य पेशाको रुपमा कृषिलाई अवलम्बन गरेका छन् । उत्पादनका आधारमा अनुदान उपलब्ध गरि जिविकोपार्जनमा समेत थप सहज हुने साथै कृषि उपज बेचबिखनमा कृषक व्यवसायीहरु संगठित गरी बजारमा अर्गानिक तरकारी, फलफूल र मसलाजन्य वस्तु एवम् पशु जन्य उत्पादन गरे वापत उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले मानेभन्ज्याङ गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार बमोजिम यो कार्यविधि बनाईएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम :"कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धीको कार्यविधि २०८२" रहनेछ ।

ख. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा र व्याख्या :

क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

ख) "उपाध्याक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

ग) "कार्यपालिका" भन्नाले मानेभन्ज्याङ गाउँ कार्यपालिकालाई सम्झिनु पर्नेछ।

घ) "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकालाई सम्झिनु पर्नेछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मानभेन्ज्याङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झुन पर्नेछ ।

च) "वडा" भन्नाले गाउँपालिकाको मातहतका वडाहरु सम्झिनु पर्नेछ ।

छ) "अनुदान" भन्नाले पालिका क्षेत्रभित्रका स्थायी कृषक र कृषि सम्बन्धीका संस्थाहरुले उत्पादन गरेको आधारमा प्रदान गरिने आर्थिक सहयोग रकमलाई अनुदानलाई सम्झिनु पर्नेछ ।

ज) "कृषक" भन्नाले यस कार्यविधि प्रयोयनको लागि आफ्नै जग्गामा वा कसैंको जग्गा करारमा लिई कृषि तथा पशु खेती गर्ने कृषक, कृषि सम्बन्धीका संघ सस्था वा उद्योगहरुलाई सम्झिनु पर्नेछ ।

झ) "तरकारी" भन्नाले फूल/ बन्दा गोबी, साग, सिमि, बोडी, केराउ, क्याब्सिगम, चिचिन्डा, करेला, लौका, गोलभेडा, घिरौला, फर्सी, भन्टा, लगायतका तरकारीहरुलाई सम्झनु पर्नेछ ।

ञ) "मसलाजन्य" वस्तु भन्नाले कागती, लसुन, प्याज, अदुवा, खुर्सानी, धनिया, वेसार लगायतका मसलाको रुपमा उपभोग गरिने वस्तुलाई बुझ्नुपर्नेछ ।

ट) "फलफूल" भन्नाले कागती, किबी, लिची, आँप, अनार, सुन्ताला, कात्रा, ड्रागन फ्रुट, केरा आदि फलफुलको रुपमा प्रयोग हुने वस्तुहरुलाई सम्झिनु पर्नेछ ।

ठ) "पशुपालनको" भन्नाले निर्वाहमुखी वा व्यवसायिक रुपले व्यवसाय गर्ने कृषकहरुलाई सम्झिनु पर्नेछ ।

## परिच्छेद-२

## उद्देश्य

३. कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) पालिकाभित्र परम्परागत र निर्वाहमूखी कृषि गर्ने किसानहरुलाई अनुदान मार्फत प्रोत्साहन गरी आधुनिक प्रविधि युक्त व्यवसायिक कृषक तर्फ उन्मुख बनाउने ।

ख) कृषकहरुलाई संगठित गरी उत्पादनमा बृद्धि गर्ने ।

ग) कृषि क्षेत्रमा लगानी सुनिश्चिततालाई प्राथमिकता दिने ।

## परिच्छेद ३

## सहकारी संकलन केन्द्र तथा कृषक समूहको छनौट

४. उत्पादित वस्तुहरुको संकलन र अनुदान वितरणको लागि सहकारी केन्द्र वा संकलन केन्द्र वा कृषक समूह छनौट गरि गाउँपालिका र संकलन केन्द्र बीच सम्झौता गरिनेछ ।

क) यस कार्यक्रम सुरुवातमा पालिकाद्धारा कृषि उत्पादनमा आधारित अनुदान वितरणको लागि प्रत्येक वडामा कम्तिमा एक वटा संकलन केन्द्र छनौट गरिनेछ । छनौट हुने केन्द्रले पालिका वा वडाबीच सम्झौता अनुसूची - ४ बमोजिम गर्नुपर्नेछ ।

ख) छनौट भई सम्झौता भएको केन्द्रले उत्पादित उपजहरुको अभिलेख अनुसूचि - ३ बमोजिम राख्नुपर्नेछ ।

ग) कृषकहरुले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाले छनौट गरेको संकलन केन्द्र मार्फत अनुसूची - २ बमोजिमको निवेदन पेश गर्ने पर्नेछ ।

घ) सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई थप भैरहेको संकलन केन्द्रलाई खार्ज गर्ने अधिकार गाउँपालिकाको सम्बन्धित शाखालाई हुनेछ ।

## परिच्छेद ४
## अनुदान सम्बन्धी व्यवस्था

५. अनुदान तथा आर्थिक सहायता

क) अनुसूची-१ बमोजिमको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना प्रकाशित गर्नुपर्नेछ । कृषकहरुले बाली वस्तुहरुको उत्पादन गरी सहकारी, संकलन केन्द्र तथा कृषक समूह मार्फत अभिलेख एवम् विक्री गरी कृषि उत्पादनमा आधारित अनुदान रकम प्राप्त गर्नका लागि गाउँपालिकाभित्रका कृषि सहकारी संकलन केन्द्र वा कृषक समूहले अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

ख) पालिकाद्धारा निर्धारण गरिएको संकलन केन्द्रले अनुसूची ३ बमोजिमको अभिलेख दैनिक विक्री बिल भरपाई र वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीका लागि गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

ग) गाउँपालिकाले आवश्यकता लागेमा बैङ्किङ प्रणाली मार्फत भुक्तानी गर्नु सक्नेछ ।

घ) कृषि उत्पादनमा आधारित अनुदान कृषिजन्य (हिउँदे र वर्षे उत्पादन) मा रु. ५ रुपैयाँ प्रतिकेजी र पशुजन्य मा रु १०० रुपैयाँ प्रति गोटाको दर उपलब्ध गराउनेछ ।

६. अनुदान व्यवस्थापन समिति

संयोजक : गाउँपालिका अध्यक्ष

सदस्य : गाउँपालिका उपाध्याक्ष

सदस्य : सम्बन्धित वडाको अध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक विकास समितीको संयोजक

सदस्य : कृषि शाखा प्रमुख

सदस्य : पशु शाखा प्रमुख

७. अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

क) अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने ।

ख) आवश्यक परे छुट्टै मूल्याङ्कन कार्यकल गठन गर्ने ।

ग) आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने ।

घ) समय समयमा अनुगमन गरी सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने ।

## अनुसूची १

कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना

मिति : ..........................

सूचना

मानेभन्ज्याङ गाउँपालिकाको कार्यालयको आव २०......./...... को स्वीकृत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न ईच्छुक संकलन केन्द्र/ कृषि सहकारी/ कृषक समूहले यो सूचना प्रकाशन भएको मितिले १४ दिन भित्र यस कार्यालयमा आवश्यक कागजान सहित निवेदन पेग गर्नु हुन अनुरोध छ ।

आवश्यक कागजानहरु

१. अनुसूची १ बमोजिमको निवेदन ।

२. वडा कार्यालयको सिफारिस ।

३. कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी ।

४. कृषकहरु वा उत्पादक संस्थाहरुको विवरण ।

# अनुसूची २

कृषि तथा पशुजन्य उत्पादक कृषकहरुलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा कृषि सहकारी/ संकलन केन्द्र तथा कृषक समूहले कार्यालयमा पेश गर्ने निवेदनको दाँचा

श्री मानेभन्ज्याङ गाउँपालिका
मानेभन्ज्याङ गाउँपालिकाकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा ।

मिति : ......................................

विषय : उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .....................गते प्रकाशन गरिएको सूचना अनुसार मानेभन्ज्याङ गाउँपालिका वडा नं ..... मा रहेको कृषि सहकारी /संकलन केन्द्र/ कृषक समूहले यस वडामा रहेको कृषकहरुको उत्पादनलाई संकलन गरी नियमानुसार उत्पादनमा आधारित अनुदान रकम सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित निवेदन पेश गरेकोछु ।

तपशिल

१. अनुसूची २ बमोजिमको निवेदन
२. वडा कार्यालयको निवेदन
३. कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी ।
४. अनुसूची ३ बमोजिमको कृषकहरुको विवरण ।
५. कार्यक्रम माग सम्बन्धी समितिको निर्णयको प्रतिलिपी ।

निवेदक
नाम थर :
पद :
संकलन केन्द्रको नाम र ठेगाना :
छाप :
सम्पर्क नं :

अनुसूची ३

सहकारी संस्था संकलन केन्द्र तथा कृषक समूहको नाम :

वडा नं :

कृषकहरुले गरेको खेती वा उत्पादनको विवरण

| क्रस | कृषकको नाम | ठेगाना | बाली/वस्तुको नाम | खेती गरेको क्षेत्रफल | बोट/विरुवाको संख्या | अनुमानित उत्पादन |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ४

उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि सहकारी संस्था/ संकलन केन्द्र तथा कृषक समूह र मानेभन्ज्याङ गाउँपालिका बीच भएको सम्झौता पत्र

मानेभन्ज्याङ गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीकरण र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि तपशिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने मानेभन्ज्याङ गाउँपालिका र दोश्रो पक्ष भनिने .................................................................. सहकारी संस्था/ संकलन केन्द्र वा कृषक समूह बीच तपशिल बमोजिमको सम्झौता शर्तहरुमा राजी भई सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

१. सहकारी संस्था/ संकलन केन्द्र तथा कृषक समूहले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित अभिलेख वा कारोबार गर्नको निम्ति आफ्नो संस्था, केन्द्र वा समूमा कृषकको खेती विवरणलाई सूचिकृत गर्नुपर्नेछ ।

२. सम्बन्धित सहकारी संस्था/ संकलन केन्द्र तथा कृषक समूहले सूचिकृत भएका कृषकहरुको कृषि उपजको अभिलेख विक्री वितरण कार्यविधिमा उल्लेख भए अनुसारको अनुसूचीको ढाँचामा अभिलेखीकरण गर्नुपर्नेछ ।

३. अनुदान रकम भुक्तानीको लागि सम्बन्धित संकलन केन्द्रले तोकिएको ढाँचामा आवश्यक कागजात सहित पालिकामा पेश गर्नुपर्नेछ ।

४. सम्झौतामा उल्लेख भएका व्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क नं : | सम्पर्क नं : |
| छाप : | छाप : |

आज्ञाले

प्रमुख प्रशाकीय अधिकृत